सुशासनको ब्लुप्रिन्ट

# नागरिकलाई लाइनमा होइन, प्रणालीमा जोड्नुपर्ने

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

- सरकारले सुशासन सुधारका लागि १५ सदस्यीय समितिमार्फत विस्तृत मार्गचित्र तयार गरेको छ।
- भ्रष्टाचार नियन्त्रणका लागि कडा अनुसन्धान, निष्पक्ष छानबिन र दण्ड प्रणालीलाई प्राथमिकता दिइएको छ।
- अख्तियार, महालेखा परीक्षक, राष्ट्रिय सतर्कता केन्द्रलाई स्वतन्त्र र सशक्त बनाउने प्रस्ताव।
- सेवा प्रवाहलाई पेपरलेस, फेसलेस र डिजिटल प्रणालीमा रूपान्तरण गर्ने योजना।

नागरिकले प्रतीक्षा गरिरहेका छन्- सरल सेवा, पारदर्शी प्रणाली र जवाफदेही शासन। जेन-जी आन्दोलनपछि बन्न लागेको नयाँ सरकारसँग जनताले यी नै अपेक्षा र विश्वास लिएका छन्। त्यसकै लागि सरकारले सुशासनको मार्गचित्र बनाएको छ।

०८२ पुस १४ को मन्त्रिपरिषद्ले सुशासनको मार्गचित्र तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरेको थियो। तीनै तहका सार्वजनिक निकायबाट कार्यसम्पादनको क्रममा हुन सक्ने भ्रष्टाचारको पहिचान गर्दै समितिलाई ६ वटा कार्यदेश दिइएको थियो। सुशासन, विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा गर्नुपर्ने कानुनी, नीतिगत, संस्थागत, जनशक्ति, प्रक्रियागत व्यवस्थाबारे सुझावसहितको प्रतिवेदन पेस गर्नेलगायत कार्यदेश थिए। गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनमा मुखरित भएका भ्रष्टाचारको अन्त तथा सुशासनको माग तथा सरकारले २०८२ मंसिर २४ गते जेन-जी आन्दोलनकारीसँग गरेको सम्झौतामा उल्लिखित विषयलाई ध्यान दिएर मार्गचित्र तयार भएको प्रधानमन्त्री कार्यालयका सहसचिव भीष्मकुमार भुसालले जानकारी दिए। उनले भने, 'समितिलाई प्राप्त कार्यादेशबमोजिम तीनै तहका सरकारी निकायले आफ्नो कार्यसम्पादन गर्दा भोगेका समस्याहरू उजागर गर्दै ती निकायको काम र सेवा प्रवाहलाइ चुस्त, पारदर्शी, जवाफदेही, मितव्ययी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउन विभिन्न नीतिगत, कानुनी, संरचनागत, प्रक्रियागत तथा जनशक्ति व्यवस्थापनसम्बन्धी महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरेका छौं।'

मार्गचित्रमा अब सुधारका लागि नारा होइन, कडा कार्यान्वयन आवश्यक रहेको उल्लेख छ। भ्रष्टाचार नियन्त्रणका लागि कानुनी, संस्थागत र प्रविधिमैत्री सुधार एकैपटक अघि बढाउनुपर्ने मार्गचित्रमा औंल्याइएको छ। 'सबैभन्दा पहिलो प्राथमिकता प्रभावकारी अनुसन्धान र दण्ड प्रणाली हो, भ्रष्टाचारमा संलग्न व्यक्तिमाथि निष्पक्ष छानबिन र कडा कारबाही अनिवार्य' गर्नुपर्ने मार्गचित्रमा उल्लेख छ। अख्तियार, महालेखा परीक्षक र राष्ट्रिय सतर्कता केन्द्रजस्ता संस्थाहरूलाई स्वतन्त्र र सक्षम बनाउनुपर्ने प्रस्ताव पनि मार्गचित्रमा छ। यी निकायलाई राजनीतिक दबाबबाट मुक्त राख्दै स्रोत र जनशक्ति बढाउनुपर्नेमा जोड दिइएको छ। पारदर्शिता बढाउन डिजिटल शासन प्रणालीलाई मुख्य उपकरणका रूपमा अघि सारिएको छ। सेवा प्रवाहलाई 'पेपरलेस' र 'फेसलेस' बनाउने, नागरिकलाई अनलाइन सेवा दिने र डिजिटल भुक्तानी प्रणाली विस्तार गर्ने सुझाव दिइएको पनि मार्गचित्रमा छ। यसले सेवामा मानवीय हस्तक्षेप घटाएर भ्रष्टाचारका सम्भावना कम गर्ने विश्वास गरिएको छ।

सार्वजनिक वित्त व्यवस्थापन सुधार पनि उत्तिकै महत्त्वपूर्ण रहेको मार्गचित्रमा उल्लेख छ। आन्तरिक लेखापरीक्षण सुदृढ गर्ने, जोखिममा आधारित अनुगमन प्रणाली लागू गर्ने र खर्चमा पारदर्शिता बढाउने उपायहरू अघि सारिएका छन्। यसले बजेट दुरूपयोग र अनियमितता नियन्त्रण गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ।

**कर्मचारी प्रशासनमा सुधार**

मार्गचित्रमा कर्मचारी प्रशासनमा पनि सुधार आवश्यक रहेको ठहर गरिएको छ। नियुक्ति र पदोन्नतिलाई पूर्णरूपमा मेरिटमा आधारित बनाउनुपर्ने सुझाव छ। राजनीतिक प्रभाव हटाएर प्रतिस्पर्धात्मक प्रणाली लागू गर्दा प्रशासन व्यावसायिक बन्ने विश्वास गरिएको छ। नागरिक सहभागिता बढाउन पनि विशेष जोड दिइएको छ। सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण र प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ। यसले नागरिकलाई प्रत्यक्ष निगरानीमा सहभागी गराउने र उत्तरदायित्व बढाउने अपेक्षा गरिएको छ।

त्यसैगरी, डिजिटल डेटा साझेदारी र एकीकृत सूचना प्रणाली विकास गर्नुपर्ने औंल्याइएको छ। विभिन्न सरकारी निकायबीच सूचना आदानप्रदान सहज बनाउँदा अनियमितता नियन्त्रण गर्न सहयोग पुग्ने देखिएको छ। दीर्घकालीन रूपमा सामाजिक सोच परिवर्तन पनि आवश्यक मानिएको छ। विद्यालय तहदेखि नै नैतिक शिक्षा र सदाचारको विकास गर्नुपर्ने मार्गचित्रमा उल्लेख गरिएको छ। यसले भविष्यमा भ्रष्टाचारप्रति शून्य सहनशीलता विकास गर्ने अपेक्षा गरिएको छ।

मार्गचित्रमा भनिएको छ, 'भ्रष्टाचार नियन्त्रण केबल कानुनबाट सम्भव छैन। प्रविधि, पारदर्शिता, नागरिक सहभागिता र कडा कार्यान्वयनको संयोजन आवश्यक छ। अब आगामी सरकारको मुख्य परीक्षा यही हो–कागजमा बनेका योजना व्यवहारमा उतार्ने। नागरिकले परिणाम चाहेका छन्, प्रतिबद्धता होइन। नेपालमा सुशासनको नारा पुरानो भइसकेको छ। तर, परिणाम अझै देखिएको छैन। नीति बनाउने, योजना घोषणा गर्ने र प्रतिबद्धता जनाउने क्रम जारी छ। तर, नागरिकको दैनिकीमा परिवर्तन सुस्त छ।' मार्गचित्रमा नागरिकलाई लाइनमा होइन प्रणालीमा जोड्नुपर्ने उल्लेख गरिएको छ। मार्गचित्रमा वर्तमान प्रणाली नै कमजोर रहेको उल्लेख गरिएको छ। मार्गचित्रमा भनिएको छ-प्रणाली कमजोर छ, समन्वय छैन र कार्यान्वयन खस्किएको छ। अब सुधार नगरे परिणाम आउँदैन। संविधानल तीन तहका सरकारबीच अधिकार बाँडफाँट, सहअस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त स्थापित गरेको छ। तर, संघीय प्रणाली लागू भएको लामो समय भए पनि तीन तहका सरकार अझै स्पष्ट छैनन्। कुन काम कसले गर्ने भन्नेमा अन्योल छ। एउटै काममा तीनै तह सक्रिय हुन्छन्। कतै कामै हुँदैन। सूचना प्रणाली छुट्टाछुट्टै छन्। वित्तीय व्यवस्थापन जोडिएको छैन। यसले सेवा ढिलो बनाएको छ। खर्च बढाएको छ।

मार्गचित्रमा भनिएको छ, 'अधिकारको स्पष्ट बाँडफाँट गर। समन्वय संयन्त्र चलाऊ। डिजिटल प्रणाली एकीकृत गर।'

प्रदेश सरकारको प्रभावकारिताको विषय पनि मार्गचित्रमा स्पष्ट उल्लेख गरिएको छ। प्रदेश संरचना भए पनि त्यसको प्रभाव नभएको मार्गचित्रमा उल्लेख छ। परिणाम नआएको भन्दै प्रदेश सरकारको विषयमा प्रश्न उठिरहेको पनि मार्गचित्रमा छ।

मार्गचित्रमा भनिएको छ, 'प्रदेश मा समस्या धेरै छन्। कानुन अधुरो छ। कर्मचारी व्यवस्थापन जटिल छ। बजेट खर्च प्रभावकारी छैन। योजना छनोटमा आधार छैन। अनुगमन कमजोर छ। मार्गचित्रले प्रदेशलाई सुधारको बाटो देखाएको छ। मार्गचित्रमा प्रदेशका अनावश्यक मन्त्रालय र संरचना घटाउने कुरा उल्लेख गरिएको छ। अनावश्यक खर्च रोक्नुपर्ने मार्गचित्रमा छ। परिणाममा आधारित बजेट प्रणाली लागू गर्नुपर्ने प्रस्ताव पनि गरिएको छ। डिजिटल शासनबिना सुधार सम्भव नहुने स्पष्ट पारिएको छ।

**शाखापिच्छे कागज**

स्थानीय तहलाई 'आगनको सिंहदरबार' भनिन्छ। तर, नागरिकले अझै झन्झट भोगिरहेका छन्। स्थानीय तहको सेवा प्रवाहमा प्रक्रियागत जटिलता छन्। सामान्य सेवा लिन पनि धेरै प्रक्रिया पार गर्नुपर्छ। एउटै कागज पटक-पटक बुझाउनुपर्छ। डिजिटल सेवा सीमित छ। राजनीतिक हस्तक्षेपले निर्णय प्रभावित हुने गरेका छन्। संघ र प्रदेशबाट अनावश्यक हस्तक्षेप हुने गरेको छ। अनावश्यक क्षेत्रका बजेट छर्ने प्रवृत्ति छ। प्रमुख प्रशासकीय अधिकृतको अस्थिरता तथा संस्थागत स्मृतिको अभावले स्थानीय शासनको प्रभावकारिकता कमजोर बनाएको देखिएको पनि मार्गचित्रमा उल्लेख छ। मार्गचित्रले समाधान सुझाएको छ। सेवा प्रक्रिया छोट्याउनुपर्ने मार्गचित्रमा उल्लेख छ। एकद्वार सेवा प्रणाली लागू गर्नुपर्ने सुझाव पनि मार्गचित्रमा छ। डिजिटल सेवा विस्तार गर्ने,नागरिकलाई लाइनमा होइन, प्रणालीमा जोड्नुपर्नेमा जोड दिइएको छ। मार्गचित्रमा केही स्थानीय तहको अनुकरणीय असल अभ्यासलाई पनि उदाहरणको रूपमा प्रस्तुत गरिएको छ।

# मुसहर बस्ती, आगोले छिनभरमै ध्वस्त

**किशोर बुढाथोकी** | *विराटनगर*





मोरङको बुढीगंगा गाउँपालिका-३ स्थित अति विपन्न मुसहर समुदायको सिंगो बस्ती नै बुधबार दिउँसोको भीषण आगलागीले ध्वस्त भएको छ।

करिब ४५ मिनेटको अन्तरालमै ११ वटा घर पूर्णरूपमा जलेर खरानी भए। आगोले छिनभरमै बस्ती ध्वस्त बनाउँदा ११ मुहसर परिवार आश्रयविहीन बनेका हुन्। उक्त घटनामा १ करोड १७ लाख रुपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ।

कोशी लोकमार्गअन्तर्गत गोकुवा चोकबाट करिब डेढ किलोमिटर पूर्वतर्फ रहेको मुसहर बस्तीमा दिउँसो करिब २ बजेतिर अचानक आगलागी सुरु भएको थियो। सोनी ऋषिदेवको घरबाट आगो लागेको प्रहरीले जनाएको छ। विद्युत् सर्टका कारण घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। तर, वास्तविक कारण पत्ता लगाउन विस्तृत अनुसन्धान जारी रहेको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी लीलाराज लामिछानेले जानकारी दिए।

बस्तीका घरहरू कर्कटपाता र बाँसको टाटीबेराले बनेका थिए। आगो सुरु हुनासाथ त्यसले विकराल रूप लियो। केही मिनेटमै आगोले सबै ध्वस्त बनाइदियो। एकआपसमा टाँसिएर बनेका झुरुप्प घरहरूले आगो फैलिन झन् सहज बनाएको स्थानीयले बताएका छन्। आगलागीको सुरुवातसँगै घरभित्र रहेका ग्यास सिलिन्डर विस्फोट हुन थालेपछि स्थिति थप भयावह बनेको थियो। घटनामा मानवीय क्षति भने भएन। विराटनगर महानगरपालिकाको दमकल, सुरक्षाकर्मी र स्थानीयको संयुक्त प्रयासले करिब ४५ मिनेटपछि मात्र आगो नियन्त्रणमा आएको थियो।

तर, आगो नियन्त्रणमा आउँदासम्म बस्तीका अधिकांश घरहरू पूर्ण रूपमा जलेर नष्ट भइसकेका थिए। आगो थप फैलिन नदिन सुरक्षाकर्मी र स्थानीयले जोखिम मोलेर बीचका केही घर भत्काउनु परेको थियो। 'सिलिन्डर विस्फोट भइरहेका बेला घर भत्काउने निर्णयले थप क्षति हुनबाट जोगाए पनि पहिले नै ठूलो विनाश भइसकेको थियो,' डीएसपी लामिछाने भन्छन्।

उनका अनुसार आगलागीबाट सुनील ऋषिदेव र रामदेव ऋषिदेवको जनही ८ लाख रुपैयाँ तथा राजकुमार ऋषिदेवको ९ लाख रुपैयाँबराबरको क्षति भएको छ। त्यसैगरी, सोनी ऋषिदेव, गेमु ऋषिदेव, चैता ऋषिदेव, कमलेश ऋषिदेव र तिलकु ऋषिदेवको जनही १० लाख रुपैयाँबराबरको क्षति भएको उनले बताए। प्रकाश ऋषिदेव, उतिम ऋषिदेव र उमा ऋषिदेवको भने जनही १५ लाख रुपैयाँबराबरको क्षति भएको जानकारी लामिछानेले दिए। घटनापछि बस्तीका पीडित परिवारहरू पूर्णरूपमा बिचल्लीमा परेका छन्।

भूमिहीन र दैनिक ज्यालादारी मजदुरीमा निर्भर मुसहर समुदायका परिवारहरूको घरसँगै जीवनयापनका सबै आधारहरू समाप्त भएका छन्। घरभित्र रहेका लत्ताकपडा, अन्नपात, नगद, सुनचाँदीलगायत दैनिक आवश्यक सामग्री सबै आगोले नष्ट गरिदिएको डीएसपी लामिछानेको भनाइ छ। वडासदस्य लोकनाथ चौधरीका अनुसार आगलागीपछिको दृश्य अत्यन्तै हृदयविदारक बनेको छ। 'बस्तीभरि रुवाबासी छ। बालबालिका, वृद्धवृद्धा र महिला त्रासमा छन्। पीडितहरूले शरीरमा लगाएको कपडाबाहेक केही पनि बाँकी रहेन,' उनले भने। चौधरीका अनुसार अति विपन्न अवस्थामा रहेका ऋषिदेव परिवारहरू आगलागीको विनाशसँगै खुला आकाशमुनि आइपुगेका छन्। वडाध्यक्ष तिलकनाथ मण्डलले कमजोर संरचना र अत्यन्तै नजिक-नजिक बनाइएका घरहरूकै कारण आगोले छोटो समयमा ठूलो क्षति पुर्‍याएको बताए। 'आगो नियन्त्रण गर्न निकै कठिन भयो। केही घर भत्काएरमात्रै थप फैलिनबाट रोक्न सकियो,' उनले भने, 'तर, नियन्त्रणमा आउँदासम्म धेरै ढिलो भइसकेको थियो। ऋषिदेव परिवारहरूका लागि ठूलो विपत्ति आइलाग्यो।'

उनका अनुसार आगलागी भएको समय अधिकांश स्थानीय कामका लागि बाहिर गएका थिए। घरभित्रका सामग्री जोगाउने अवसरसमेत कसैले पाएनन्। ग्यास सिलिन्डर विस्फोटले आगो झन् तीव्र बनेको र जोखिमपूर्ण अवस्थामा सुरक्षाकर्मीले काम गर्नु परेको वडाध्यक्ष मण्डलले बताए।

**Jananayak B.P. Koirala Memorial Trust**
**Dhumbarahi-04, Kathmandu**
**Invitation for Bids**
**Second time Publication: 2082/12/05 (March 19, 2026)**

Jananayak B.P. Koirala Memorial Trust invites only Electronic bids from eligible bidders for the Procurement of goods as mentioned below. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

| SN | Description of Work and Contract No. | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|
| 1 | Procurement of Computer, Laptop, Sound System, A.C. with other electronics goods for B.P Koirala Memorial Studies and Research Center Building, Hadigaun-05, Kathmandu BPTRUST/NCB/GOODS/02/2082-83 | 2,03,000 | 3,000 |

**खडक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याणपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**
**बोलपत्र स्वीकृतिका लागि आशयको सूचना**
**मिति: २०८२/१२/०५**

यस खडक नगरपालिका नगरकार्यपालिका कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतिय खरिद प्रक्रियामा दर्ता भएको बोलपत्रको मूल्याङ्कन पछि न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्र दाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृतिका लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्र दातालाई जानकारीका लागि सोही ऐनको दफा २७ को (२ र ३) को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र. सं | ठेक्का नं. | आयोजना को नाम र ठेगाना | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | KHDK/W/ NCB/01/2082/083 | वडा नं.८ भित्र आर.सि.सि. ढलान, खडक न.पा.-८ | ओम कन्स्ट्रकस्न, बुढीगंगा-७, मोरङ्ग | रु २३,२६,६९०।०५ (अक्षरेपी रु तेइस लाख छविस हजार छ सय नब्बे रुपैंया पाँच पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**कटारी अस्पताल**
**कोशी प्रदेश**
**कटारी, उदयपुर**
**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति : २०८२।१२।०५**

यस कटारी अस्पतालको मिती २०८२ माघ २६ गते राष्ट्रिय पत्रिकामा प्रकाशित बिधुतीय माध्यमबाट अस्पताल मर्मत तथा निर्माण कार्य सम्बन्धी बोलपत्र आह्वानको ३० दिने सूचना अनुसार रीतपूर्वक पर्न आएका बोलपत्रहरुमध्ये तपशिलका बोलपत्रदाताले पेश गरेको न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक | कैफियत |
|---|---|---|---|---|
| १ | Construction Works for Maintenance of Katari Hospital, Katari Udayapur | प्रयास सोलुशन एण्ड विल्डर्स प्रा.ली. काठमाडौँ। | १,३५,३७,५७०.१९ | |

**निमित्त मेडिकल सुपरिटेन्डेन्ट**

**महागढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरियारपुर, बारा**
**मधेश प्रदेश, नेपाल**
**शिलबन्दी दरभाउ पत्रको सूचना**
**प्रथम पटक प्रकाशित मितिः- २०८२/१२/०५**

यस महागढीमाई नगरपालिका कार्यालय भित्र रहेको कृषकहरुको लागी निशूल्क विधुतिय कृषि मटर खरिद कार्य गर्नको लागी सिलबन्दी दरभाउ प्रकृयाको माध्यमबाट गराउनु पर्ने भएकोले खरिद सम्बन्धी कार्य गर्न इजाजत प्राप्त संस्थाहरुले निम्न शर्तको अधिनमा रही रितपूर्वक (सिलबन्दी दरभाउपत्र अहवान गरिएको छ।

**शर्तहरुः-**

१. दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस शाखामा रु १०००/ (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नविकरण गरेको ईजाजत पत्र मु.अ.क. दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि आ.व.२०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी सम्बन्धीत आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयको शाखाबाट दरभाउपत्र फारम सम्बन्धी कागजात (टेण्डर) खरिद गर्न सकिने छ।
२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएको सबै विवरणहरु सिलबन्दी माध्यमबाट प्रष्टसंग भरि १६औं दिनको १२:०० बजे सम्म दर्ता गरि सक्नु पर्ने छ। यसरी दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाताहरु वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोलन्न बाधा पर्ने छैन।
३. दरभाउपत्रको साथ धरौटी रकम यस महागढीमाइ नगरपालिका वडा नं. १० मा रहेको राष्ट्रिय वाणिज्य बैक प्रा. लि. शाखा कार्यालय गंजभवानिपुर, बारामा रहेको घरैटी खाता नं. १३९०१००३०३००००५ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंक बाट सो बराबरको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको म्याद भएको बैंक ग्यारेन्टीको सकल प्रति संलगन गरी यस कार्यालमा पेश गर्नु पर्ने छ।
४. दरभाउपत्र सम्बन्धित अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्नु पर्ने छ।
५. कुनै पनि कारण नजनाई आशिक वा पुणे दरभाउपत्र स्वीकृत गर्न वा नगनं सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
६. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।